# मर्मत सम्भार तथा प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन मापदण्ड, २०८२

गण्डकी प्रदेश सरकार

**ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय**

पोखरा

स्वीकृत मिति : २०८२/०५/१३

# मर्मत सम्भार तथा प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन मापदण्ड, २०८२

**प्रस्तावनाः** गण्डकी प्रदेश सरकारको खानेपानी, सिंचाइ र ऊर्जा क्षेत्रमा संचालित आयोजनाको आवश्यकता अनुसार मर्मत-सम्भार र सुधार गरी सेवा-सुविधा नियमित, भरपर्दो र दिगो रूपमा प्राप्त गर्नका लागि वार्षिक विकास कार्यक्रमको **मर्मत सम्भार तथा प्रणाली सुदृढीकरण आयोजना** वजेट शीर्षकमा समावेश भएका आयोजनालाई व्यवस्थित र किफायती रूपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ को अधिकार प्रयोग गरी ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "मर्मत सम्भार तथा प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मन्त्रालय" भन्नाले ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका जलस्रोत तथा सिंचाइ विकास डिभिजन; खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय; खानेपानी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन/सव-डिभिजन कार्यालय वा सोही प्रकृतिको काम गर्न स्थापित अन्य विषयगत कार्यालयलाई समेत बुझाउँछ।

(ग) “मर्मत सम्भार कोष” भन्नाले सिंचाइ/खानेपानी/ऊर्जा क्षेत्रका आयोजनाको उपभोक्ता संस्थाले सोहि आयोजनाको संचालन, व्यवस्थापन र मर्मत सम्भारका लागि उपभोक्ताबाट सेवा शुल्क वा महसुल रकम नियमित रूपमा जम्मा गर्ने गरेको वा अन्य कुनै आम्दानीबाट प्रचलित कानून वा उपभोक्ता संस्थाको विधान बमोजिम बैंकमा खाता खोली स्थापना गरेको मर्मत सम्भार कोष भन्ने सम्झनुपर्छ।

(घ) “खानेपानी महसुल” भन्नाले गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २४ बमोजिमको खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा शुल्क सम्झनु पर्छ।



डा. राजन भट्टराई
सचिव

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
पोखरा

(ङ) "सिंचाइ सेवा शुल्क" भन्नाले गण्डकी प्रदेश सिंचाइ ऐन, २०७८ को दफा २६ बमोजिम सिंचाइ सेवा उपयोग गरे वापत उपभोक्ताले भुक्तानी गर्नु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्छ र सो शब्दले त्यस्तो शुल्क तोकिएको समयमा भुक्तानी नगरेवापत लाग्ने विलम्ब शुल्क र सिंचाइ सदस्यता शुल्कलाई समेतलाई जनाउँछ।

(च) "विपद् व्यवस्थापन" भन्नाले विपद् पूर्व तयारी, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ।

## परिच्छेद-२

## आयोजना कार्यान्वयनको न्यूनतम आधार

३. **आयोजना कार्यान्वयनको न्यूनतम आधार** : मर्मत सम्भार तथा प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयनका लागि तपसिल वमोजिमका न्यूनतम आधारहरू पूरा भएको हुनुपर्नेछ :

(१) आयोजना कार्यान्वयन शुरू गर्नु पूर्व प्रचलित कानून बमोजिम उपभोक्ता समिति गठन, दर्ता वा नवीकरण भएको हुनुपर्नेछ।

(२) उपभोक्ता समितिका प्रतिनिधि र कार्यालयका प्राविधिकबाट संयुक्त रूपमा आयोजनाको मुहानदेखि चुहानसम्मका संरचनाहरूको चेनेज उल्लेख गरी स्थलगत निरीक्षण गरेर प्रणालीको भौतिक अवस्था, देखा परेका प्रमुख समस्या, समस्या समाधानको उपाय, प्राविधिक विकल्प र कार्यको प्राथमिकताक्रम समेत निर्धारण गरी अनुसूची-१ अनुसारको मर्मत-सम्भार निरीक्षण (Maintenance Log Form) फाराम भरेर दुवै पक्षले प्रमाणित गर्नुपर्नेछ।

(३) कार्यालयले उपदफा (२) बमोजिमको प्राथमिकताको आधारमा विनियोजित वजेटको सीमा भित्र रही प्रचलित कानून/कार्यविधि अनुसारको, जनसहभागिता वापत व्यहोर्नुपर्ने रकम समेत थप गरी लागत अनुमान तयार गर्नुपर्नेछ।

(४) कार्यालयमा आयोजनाको सम्झौता गर्नु पूर्व उक्त प्रणालीमा मर्मत सम्भार कोष स्थापना गरेको हुनुपर्ने र यस्तो कोषमा रहनुपर्ने न्यूनतम रकम् अनुसूची — २ बमोजिम हुनुपर्ने।

(५) मर्मत सम्भार कोषमा अनुसूची-२ बमोजिमको रकम भन्दा कम रकम मौज्दात रहेको अवस्थामा उपभोक्ता संस्थाले नपुग हुने रकम उपभोक्ताबाट संकलन गरी न्यूनतम मौज्दात रकम कायम गर्नुपर्नेछ।

डा. राजन भट्टराई सचिव

(६) नियमित रूपमा सिंचाइ सेवा शुल्क वा खानेपानी महसुल रकम संकलन नभएको आयोजनामा उपभोक्ता संस्थाले बैठकबाट निर्णय गरी मर्मत सम्भार कोषमा नियमित रकम उपभोक्ताबाट संकलन गर्नका लागि लिखित प्रतिबद्दता समेत जनाउन पर्नेछ।

## परिच्छेद-३
## कार्यक्षेत्र

४. **मर्मत सम्भार तथा प्रणाली सुदृढीकरण आयोजनाको कार्यक्षेत्र (scope):**

(१) आयोजनाको नियमित मर्मत-सम्भार, विपदबाट क्षतिग्रस्त आयोजनाको तत्काल पुनर्स्थापना, साविकको आयोजनाको सुधार विस्तार, स्तरउन्नति, जिर्णोद्वार सम्बन्धी कार्य।

(२) आयोजनाको उद्देश्य पूरा हुने, सेवा सुचारू हुने र सम्पूर्ण आयोजना सम्पन्न हुने कार्य।

तर उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएको भएपनि आयोजनाबाट आंशिक रूपमा सेवा संचालन (partially functional) भई उपभोक्ताले सेवा सुबिधा प्राप्त हुने गरी मर्मत सम्भार कार्य संचालन गर्न बाधा पुगेको मानिने छैन।

(३) खानेपानी आयोजनाको हकमा उपदफा (१) र (२) मा उल्लेखित प्रावधानको अधीनमा रही समुदायलाई नपुग भएको पानीको स्रोत थप गर्न, आवश्यक संरचना थप गर्न, संरचना संरक्षण गर्न, पानी ट्यांकी थप गर्न, पानी प्रशोधन सम्बन्धी संरचना निर्माण गर्न, पाइप लाइन मर्मत गर्न, जोखिमयुक्त स्थानमा जोखिम रोकथामका संरचना निर्माण गर्न, साविकमा सार्वजनिक धारा रहेको वितरण प्रणालीलाई एक घर एक धारा मोडलमा रूपान्तरण गर्न, आयोजनाको संरचनागत सुधार गर्न, जिर्णोद्धार गर्न, आयोजनाको स्तरोन्नति गर्न, प्रविधि थप परिस्कृत तथा प्रणाली सुदृढीकरणसँग सम्बन्धित अन्य कार्य गर्न सकिनेछ।

(४) सिंचाइ आयोजनाको हकमा उपदफा (१) र (२) मा उल्लिखित प्रावधानको अधीनमा रही नयाँ बाँध निर्माण वा सुधार गर्न, पानीको स्रोत थप गर्न, आवश्यक पर्ने नयाँ संरचना थप गर्न, भइरहेको संरचना सुधार गर्न, पानी बाँडफाड र पानी वितरण संरचना निर्माण गर्न, जोखिमयुक्त स्थानमा जोखिम रोकथामका संरचना निर्माण गर्न, संरचना संरक्षण गर्न, पानी चुहिने नहरको खण्डमा पक्की नहर बनाउन, आयोजनाको संरचनागत सुधार गर्न, आयोजनाको स्तरोन्नति कार्य गर्न, सिंचित

डा. रा... भट्टराई
सचिव

क्षेत्र विस्तार गर्ने, सिंचाइको सम्योजनात्मक उपयोग गर्ने, जिर्णोद्धार गर्ने, प्रविधि थप परिस्कृत र प्रणाली सुदृढीकरणसँग सम्बन्धित अन्य कार्यहरू गर्न सकिनेछ।

५. तटबन्ध तथा नदी व्यवस्थापन आयोजनाको हकमा साविकको संरचना मर्मत-सम्भार, सुधार, थप/विस्तार तथा सुदृढीकरण सम्बन्धी कार्य गर्न सकिनेछ।

६. ऊर्जा सम्बन्धी आयोजनाको हकमा साविकको संरचना मर्मत-सम्भार, सुधार, थप/विस्तार/जीर्णोद्धार, प्रविधि थप परिस्कृत कार्य तथा सुदृढीकरण सम्बन्धी कार्य गर्न सकिनेछ।

## परिच्छेद-४
## आयोजनाको लागत र वजेट

७. **आयोजनाको लागत तथा वजेट :**

(१) विनियोजित वजेटमा जनसहभागिता समेत थप गरी लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ।

(२) आगामी आ.व. मा दायित्व बढ्ने गरी र सेवा सुविधा सुचारु हुन नसक्ने खालका आयोजनाको कार्यान्वयन गर्न नहुने।

तर विनियोजित वजेटबाट आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई सेवा सुचारू हुने र विगत आ.व. मा सुरू भएका आयोजना कार्यान्वयन गर्न बाधा पुगेको मानिने छैन।

(३) यस आयोजनामा आगामी आ.व. मा सम्पन्न हुनेगरी स्रोत सुनिश्चिता लिन तथा रकमान्तर गर्न सकिने छैन।

(४) प्रणाली मर्मत सम्भार, क्षतिग्रस्त मर्मत-सम्भार र आयोजनाको स्तरउन्नतिसँग सम्बन्धित कार्य विनियोजित बजेटबाट सञ्चालन गर्न नसकिने भएमा वा त्यसका लागि विनियोजित वजेट पर्याप्त नरहेमा वा उक्त कार्य गर्न जरुरी नरहेको भएमा वा आर्थिक-प्राविधिक हिसावले आयोजना सम्भाव्य नरहेको आदि अवस्थामा प्रचलित प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानून अनुसार विनियोजित बजेट खर्च नगरी समर्पण गर्नुपर्नेछ।

(५) उपदफा ४ बमोजिमको अवस्थामा कार्यालयले आयोजनाको अध्ययन, सर्वेक्षण, तयारी सम्बन्धी कार्य र आयोजना बैंकमा समावेस गर्ने प्रयोजन सम्बन्धी कार्यहरू अगाडी बढाउन बाधा पर्ने छैन।

## परिच्छेद-५
## विपद व्यवस्थापन

८. विषयगत कार्यालयबाट विपद व्यवस्थापनसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तथा जिल्ला विपद व्यवस्थापन कार्यमा सहयोग पुग्नेगरी मनसुनजन्य र अन्य प्रकारका विपदबाट प्रभावित व्यतिगत तथा सामूहिक आवास/वस्तीको संरक्षण तथा क्षतिग्रस्त भएका खानेपानी र सिंचाइ संरचनाको तत्काल मर्मत-सम्भार गरी सेवा पुनर्स्थापना कार्यमा विशेष ध्यान दिनुपर्नेछ।

९. विनियोजित वजेट, विपदको किसिम र संबेदनशीलता हेरेर कार्यालयले जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, स्थानीय तह/वडा र उपभोक्ता/लाभग्राही संस्था जस्ता सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरेर तत्काल आवश्यक कार्य संचालन गर्न सक्नेछ।

१०. कार्यालयले अनुसूची-३ बमोजिमको प्राथमिकताक्रममा पर्नेगरी विनियोजित वजेट, आवस्यकता र औचित्यतताको आधारमा विपद जोखिम व्यवस्थापन कार्यका लागि आवश्यक ग्याबियन तार-जाली, पाइप आदि सामाग्री वितरण गर्न सक्नेछ। यस्ता सामाग्री माग गर्दा सम्बन्धित व्यक्ति वा संघ-संस्थाले सम्बन्धित स्थानमा भएको विपद सम्बन्धी घट्नाको मिति, किसिम र क्षतिको संक्षिप्त विवरण समेत खुलाई स्थानीय तह/वडाको सिफारिस र सम्भव भएसम्म आवश्यकता/औचित्य/जोखिम/नोक्सानी झल्किने गरी सम्बन्धित स्थानको फोटोग्राफ पेश गर्नुपर्नेछ।

११. कार्यालयले विपद व्यवस्थापनको लागि निवेदन पेस भएको स्थानको स्थलगत निरीक्षण गरी यथार्थ विवरण बुझ्न सक्नेछ।

१२. दफा १० बमोजिम वितरित तार-जालीमा ढुङ्गा भर्ने तथा वितरित पाइप सम्बन्धित स्थानमा जडान गर्नका लागि खन्ने-पुर्ने कार्यको व्यवस्थापन सम्बन्धित व्यक्ति वा संघ-संस्था आफैले मिलाउनु पर्नेछ।

१३. तार जाली, पाइप लगायतका सामाग्रीको उपयुक्त स्थानमा उपयुक्त तवरले उपयोग गर्ने प्रतिबद्दता जनाउन लगाई त्यसको दुरूपयोग हुन नदिन उक्त सामाग्री बुझेर लैजाने सम्बन्धित व्यक्ति/संस्था स्वयम् नै जिम्मेवार र जवाफदेही रहने कुराको निम्ति अनुसूची-४ बमोजिम सम्बन्धित कार्यालयले कबुलियत गराउनुपर्ने छ।

## परिच्छेद-६
## विविध

१४. कारवाहीको व्यवस्था : यस मापदण्डको दफा ३ मा उल्लेखित आधारभन्दा फरक हुने गरी काबू बाहिरको अवस्था आईपरेको कारणले गर्दा समयमा काम सम्पन्न हुन नसकेको अवस्थामा बाहेक आगामी आ.व.मा दायित्व सिर्जना भएको अवस्थामा सम्बन्धित कार्यालय प्रमुख नै जवाफदेही हुनेछ।

१५. बाधा अड्काउ फुकाउः यस मापदण्डको कार्यान्वयनबाट आयोजना कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा आवश्यकता अनुसार मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१६. मापदण्ड संशोधनः यस मापदण्ड आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ।

१७. बचाउः यस मापदण्डमा उल्लेख भएका कुरामा यसै मापदण्ड र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

डा. राजन भट्टराई
सचिव

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

अनुसूची-१

# मर्मत-सम्भार निरीक्षण फाराम

कार्यालयको नाम/ठेगाना: ............................................................ आ.व.: ..................................

आयोजनाको नाम/ठेगाना: ............................................................ मिति:....................................

| क्र. सं. | चेनेज | संरचनाको नाम | भौतिक अवस्था | प्रमुख समस्याहरू | समस्या समाधानको उपाय | प्राविधिक विकल्प | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

उल्लेख गर्नुपर्ने कुनै खास समस्या/विषय वस्तु भए उल्लेख गर्ने :-

..........................................................................................................................................................................................................

..........................................................................................................................................................................................................

.......................... ........................ .............................. ........................ .........................

.......................... ........................ .............................. ........................ ......................... ..........................................

उपभोक्ता समितिको तर्फबाट प्रमाणित गर्नेहरूको नाम, पद र हस्ताक्षर

कार्यालयको तर्फबाट प्रमाणित गर्ने

गण्डकी प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

## अनुसूची -२

## मर्मत सम्भार कोषमा मौज्दात हुनुपर्ने न्यूनतम रकम

| क्र. सं. | आयोजनाको किसिम | न्यूनतम मौज्दात रकम |
|---|---|---|
| १. | सतह सिंचाइ प्रणाली | रू १००/- प्रति रोपनी वा १५००/- प्रति बिगाहा |
| २. | लिफ्ट/भूमिगत सिंचाइ प्रणाली | रू २००/- प्रति रोपनी वा रू ३०००/- प्रति बिगाहा |
| ३. | ग्राभिटि खानेपानी प्रणाली | रू १००/- प्रति घरधुरी |
| ४. | लिफ्ट खानेपानी प्रणाली | रू ५००/- प्रति घरधुरी |
| ५. | लघु जलविद्युत आयोजना | रू २५००/- प्रति किलोवाट |

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
पोखरा, नेपाल

## अनुसूची-३

## विपद व्यवस्थापन कार्यको प्राथमिकताक्रम

| प्राथमिकता क्रम | विवरण |
|---|---|
| १ | व्यतिगत तथा सामूहिक आवास/वस्ती |
| २ | खानेपानी सेवा/सिंचाइ सुविधा पुनर्स्थापना, सार्वजनिक संरचना/सम्पत्ति |
| ३ | साँस्कृतिक सम्पदा |
| ४ | खेतियोग्य जमिन |
| ५ | अन्य किसिमको जमिन |

## अनुसूची -४

### तारजाली/पाइप बुझेको भरपाई

भरपाई दादै, आज मिति .................. गतेका दिन ........................................................... कार्यालय, ..................... बाट ........................................................ गर्नका लागि यस डिभिजन कार्यालयमा ................................................... बाट मिति ............................. र च.नं. .............. को सिफारिसपत्रको आधारमा ........................................................... गर्ने प्रयोजनका निमित्त तपसिल बमोजिमको सामाग्री बुझिलिई यो भरपाई गरिदियौं/लियौं।

तपसिलः

१. तारजाली :- ..................... थान, साईज :-.................................................

२. पाइपको लम्बाई :- .................. मिटर, किसिम :- पोलिथिन/जि.आई./...........................

साइजः- ............मि.मि./इन्च, सेरिजः- ............ के.जि./से.मि.$^{2}$/ग्रेड/...............

**कार्यालयबाट बुझाउनेकोः**

दस्तखतः-.......................................................

नाम, थरः-.......................................................

**बुझिलिनेकोः**

दस्तखतः-.......................................

नाम, थरः-.......................................

पदः-................................ नागरिकता नं. वा अन्य सरकारी परिचय पत्र नंः-.......................................

कार्यालयको नामः-.................................................... सम्पर्क नं.:-....................................

### तारजाली/पाइप बुझिलिनेको तर्फबाट भएको प्रतिबद्धता

आज मिति .............. गते का दिन यस ........................................................... कार्यालय, ......................... बाट .............. थान/मिटर जाली/पाइप बुझिलिएकोमा आजको मितिले ६० (साठी) दिन भित्र सो तारजालीमा ढुङ्गा भरी संरक्षण कार्य वा लाइन खन्ने-पुर्ने गरि पाइप गाडेर पानी संचालन कार्य गरिसक्ने छु । यसरी प्राप्त सामाग्री बापतको भुक्तानी अन्य कुनै निकायबाट कुनै पनि तवरबाट लिने छैन र यसको दुरूपयोग हुन दिने पनि छैन भनी प्रतिबद्धता जाहेर गर्दछु। यस प्रतिबद्धता भन्दा अन्यथा भएको ठहर हुन आएमा कानुन बमोजिम सहुँला/बुझाउँला ।

नामः ....................................

दस्तखतः................................

ठेगानाः...................................

सम्पर्क नं.:.............................

मितिः.....................................



डा. राजन भट्टराई
सचिव

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
पोखरा, नेपाल

३८. **अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था:** (१) सम्बन्धित कार्यालयले यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(२) अनुदानग्राहीले उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नुपर्नेछ।

३९. **खर्चको मापदण्ड बमोजिम हुने:** (१) तालिम, प्रशिक्षण, अभिमुखीकरण जस्ता क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्दा प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम गर्नुपर्नेछ।

(२) प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम कुनै विशेष कार्यक्रम संचालन गर्न नसकिने भएमा आर्थिक मामिला मन्त्रालयको सहमति लिई त्यस्तो कार्यक्रम संचालन गर्न सकिनेछ।

४०. **बाधा नपर्ने:** यस कार्यविधिले नसमेटेका आयोजना तथा कार्यक्रमको लागि छुट्टै कार्यविधि बनाउन बाधा परेको मानिने छैन।

४१. **मापदण्ड बनाउन सक्ने:** मन्त्रालयले वार्षिक विकास कार्यक्रमको कार्यान्वयन गर्न यस कार्यविधि बमोजिम आवश्यक मापदण्ड बनाई मन्त्रिस्तरीय निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।



४२. **प्रचलित कानून बमोजिम हुने:** प्रचलित कानूनसँग यो कार्यविधि बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ।

४३. **बाधा अड्काउ फुकाउने अधिकार:** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा आर्थिक मामिला मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

४४. **खारेजी र बचाउ:** (१) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि,२०७७ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका कार्यविधिबाट भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको कार्यविधिले खारेज गरेका कार्यविधि, मार्गनिर्देशन र नम्सहरु अनुसूची-१७ बमोजिम रहेका छन्।

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७९.

mof.gandaki.gov.np